# स्थानीय तहको विनियोजन विधेयक

**उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक**

सभावाट स्वीकृत मितिः २०८२ साल असार १० गते

**प्रस्तावनाः** उदयपुरगढी गाउंपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम उदयपुरगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः** (१)यस ऐनको नाम उदयपुरगढी गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८२/०८३ को निमित्त वडा कार्यालय र विषयगतशाखाको माध्यमबाट उदयपुरगढी गाउँपालिकाले प्रदान गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा व्यवस्था भएको विनियोजित रकमको अधिनमा रहि जम्मा रकम रु ६८,४०,०५,०००/- (अक्षेरुपी अठ्सट्ठी करोड चालीस लाख पाँच हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त उदयपुरगढी गाउँपालिको गाउँकार्यपालिका, वडा कार्यालय र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

कूल विनियोजन योग्य रकम रु. हजारमा

| क.सं. | क्षेत्र/उप क्षेत्र | प्रतिशत | खुद रकम रु हजारमा |
|---|---|---|---|
| क | आर्थिक विकास | ४.८१०९ | ३२९०७ |
| १ | कृषि | २.३९% | १६३७० |
| २ | उद्योग | ०.३४% | २३३० |
| ३ | पर्यटन | ०.५०% | ३४२८ |
| ४ | सहकारी | ०.११% | ७७९ |
| ५ | पशुपन्छी विकास | १.४६% | १०००० |
| ख | सामाजिक विकास | ५१.७४५ | ३५३९३८ |
| १ | शिक्षा | ३५.४३% | २४२३२८ |
| २ | स्वास्थ्य | ११.५५% | ७८९७० |
| ३ | बहु क्षेत्रीय पोषण | ०.३८% | २५७९ |
| ४ | खानेपानी तथा सरसफाई | २.२०% | १५०४९ |
| ५ | भाषा तथा संस्कृति | ०.११% | ७४९ |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १.३५% | ९२४६ |
| ७ | युवा तथा खेलकुद | ०.५१% | ३५०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | ०.२२% | १५१७ |
| ग | पूर्वाधार विकास | २४.७५६ | १६९३३० |
| १ | यातायात पूर्वाधार | १५.१९% | १०३९१९ |
| २ | भवन, आवास तथा सहरी विकास | ५.१९% | ३५४८४ |
| ३ | जलश्रोत तथा सिंचाई | २.६०% | १७७९३ |
| ४ | पुल | ०.५३% | ३६०० |
| ५ | उर्जा | ०.२६% | १७५० |
| ६ | प्रधानमन्त्री रोजगार | ०.७२% | ४९३४ |
| ७ | सम्पदा पूर्वाधार | ०.२७% | १८५० |
| घ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १.०४५३ | ७१५० |
| १ | वातावरण तथा जलवायु | ०.२३% | १५५८ |
| २ | विपद व्यवस्थापन | ०.४३% | २९४० |
| ३ | मानब संशाधन विकास | ०.२१% | १४२३ |
| ४ | कानुन तथा न्याय | ०.१३% | ९१७ |
| ५ | अनुगमन तथा मूल्यांकन | ०.०५% | ३१२ |
| ङ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७.६४% | १२०६८० |
| कुल जम्मा | | १००.००% | ६८४००५ |

CamScanner